# नेपाल सरकार
## ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
नेपाल मौसम विज्ञान विभाग

बबरमहल, काठमाडौं

## मौजुदा सूची दर्ता गर्ने सम्बन्धी सूचना
प्रकाशित मितिः २०८३/०६/१४)

यस विभाग तथा विभाग अन्तर्गतबाट आ.व. २०८३/०८४ का लागि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधनसहित) को प्रयोजनार्थ छुट्टाछुट्टै कार्यका लागि इजाजत प्राप्त इच्छुक व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैरसरकारी संस्था वा सेवा प्रदायकहरू मौजुदा सूचीमा समावेश हुन चाहेमा ऐ. नियमावलीको नियम १८(१) मा भएको व्यवस्था अनुसार अनुसूची २क. को ढाँचामा देहाय बमोजिमका कार्यका लागि निवेदन यस विभागको खरिद एकाइमा दर्ता गराउन हुन सूचित गरिन्छ। रीत नपुगेका वा आवश्यक कागजात संलग्न नभएका निवेदनहरू सूचीमा समावेश गरिने छैनन्।

### १. मालसामान खरिद तथा आपूर्ति
१.१ मसलन्द तथा कार्यालय सामग्री। १.२ छपाइ, स्टेशनरी तथा प्रकाशन सामग्री।

१.३ पत्रपत्रिका, पुस्तक तथा सन्दर्भ सामग्री। १.४ फर्निचर तथा फर्निसिङ सामग्री।

१.५ गुणस्तरयुक्त पिउने पानी तथा सम्बन्धित सामग्री। १.६ विद्युतीय तथा इलेक्ट्रोनिक उपकरण र सामग्री।

१.७ कम्प्युटर, ल्यापटप, प्रिन्टर, स्क्यानर तथा सूचना प्रविधिसम्बन्धी उपकरण।

१.८ सवारी साधन (साइकलसमेत), स्पेयर पार्ट्स तथा आवश्यक सामग्री।

१.९ मौसम विज्ञानसम्बन्धी उपकरण, औजार, सेन्सर, पार्टपुर्जा तथा अन्य सामग्री।

१.१० सञ्चार तथा नेटवर्किङ उपकरण र सामग्री। १.११ सरसफाइ तथा कार्यालय सञ्चालनका लागि आवश्यक सामग्री।

१.१२ अन्य कार्यालय प्रयोजनका मालसामान तथा आपूर्ति।

### २. निर्माण तथा मर्मतसम्भारसम्बन्धी कार्यहरू
२.१ मोटरसाइकल तथा साइकल सर्भिसिङ र मर्मत। २.२ चारपाङ्ग्रे सवारी साधनको सर्भिसिङ तथा मर्मत।

२.३ विद्युतीय तथा इलेक्ट्रोनिक उपकरणको मर्मतसम्भार। २.४ सञ्चार उपकरण तथा नेटवर्किङ प्रणालीको मर्मतसम्भार।

२.५ फर्निचर तथा फिक्स्चरसम्बन्धी मर्मतसम्भार। २.६ मौसम विज्ञानसम्बन्धी उपकरणको जडान, मर्मत तथा क्यालिब्रेसन।

२.७ कार्यालय भवन तथा संरचनाको निर्माण, मर्मत तथा सुधार। २.८ रंगरोगन, प्लम्बिङ, धारा तथा विद्युत् जडान र मर्मत।

२.९ शौचालय, ढल निकास तथा सरसफाइसम्बन्धी मर्मत तथा सुधार।

### ३. सेवा तथा परामर्शसम्बन्धी कार्यहरू
३.१ नेटवर्किङ, सफ्टवेयर विकास, सर्भिसिङ, इन्टरनेट तथा वेबसाइट अद्यावधिक सम्बन्धी सेवा।

३.४ मौसम विज्ञान, जलवायु तथा वातावरणसम्बन्धी अध्ययन, अनुसन्धान तथा सर्वेक्षण।

३.५ तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण तथा व्यवस्थापनसम्बन्धी सेवा।

३.६ कम्प्युटर सफ्टवेयर डिजाइन, विकास, स्तरोन्नति तथा अद्यावधिक सम्बन्धी सेवा।

३.७ विभागको कार्यक्षेत्रसँग सम्बन्धित अन्य आवश्यक प्राविधिक तथा परामर्श सेवा।

### ४. निवेदनसाथ पेस गर्नुपर्ने कागजातहरू
४.१ फर्म, कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि। ४.२ नवीकरण गर्नुपर्ने भए अद्यावधिक नवीकरण प्रमाणपत्र।

४.३ स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि।

४.४ प्रचलित कानूनबमोजिम आवश्यक पर्ने कर चुक्ता प्रमाणपत्र।

४.५ सम्बन्धित कार्यका लागि आवश्यक इजाजतपत्र वा अनुमतिपत्रको प्रतिलिपि।

४.६ फर्म/कम्पनीको प्रोफाइल तथा सम्बन्धित कार्यको अनुभव वा दक्षता खुल्ने कागजात।

४.७ प्रचलित कानूनबमोजिम आवश्यक अन्य कागजात तथा घोषणापत्र।

अन्य विस्तृत जानकारीका लागि यस विभागको सूचनापाटी अवलोकन गर्न वा कार्यालय समयमा खरिद एकाइमा सम्पर्क गर्न हुन जानकारी गराइन्छ। मौजुदा सूचीमा समावेश गर्ने वा नगर्ने तथा सूची अद्यावधिक गर्ने सम्बन्धमा प्रचलित कानूनबमोजिम आवश्यक निर्णय गर्ने अधिकार यस विभागमा निहित रहनेछ।